## जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन

१. जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा २ मा रहेका "उत्पत्ति, जात, जाति," भन्ने शब्दहरु पछि "वंश," भन्ने शब्द थप्ने ।

२. विधेयकको दफा ३ द्वारा थप गर्न प्रस्तावित दफा २क. को,-

(१) दफा शीर्षक र उपदफा (१) मा रहेका "जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछुत" भन्ने शब्दहरुको सट्टा "छुवाछुत तथा भेदभाव" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) को खण्ड (ट) मा रहेको "विरुद्ध" भन्ने शब्द पछि "शीघ्र न्यायिक" भन्ने शब्दहरु थप्ने ।

३. विधेयकको दफा ४ को,-

(१) उपदफा (२) मा रहेका "प्रदर्शन गरेर" भन्ने शब्दहरु पछि "वा विद्युतीय माध्यमबाट" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (३) र (४) मा रहेका "उत्पत्ति, जात, जाति," भन्ने शब्दहरु पछि "वंश," भन्ने शब्द थप्ने ।

४. विधेयकको दफा ५ को सट्टा देहायको दफा ५ राख्ने :-

"५. **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय" भन्ने शब्दहरुको सट्टा "तीन महिनादेखि तीन वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका "एक महिना देखि एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय" भन्ने शब्दहरुको सट्टा "दुई महिनादेखि दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) दफा ४ बमोजिमको कुनै कसूरमा सजाय पाएको व्यक्तिले पुनः सोही दफा बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई पटकै पिच्छे उपदफा (१) को खण्ड (क) वा (ख) मा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ।""

५. विधेयकको दफा ६ द्वारा संशोधन गर्न प्रस्तावित दफा ९ को,-

(१) उपदफा (१) र (२) मा रहेका "दिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "दिनु पर्नेछ" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थप्ने :-

"(३) उपदफा (१) वा (२) बमोजिमको रकम कसूरदारबाट तत्काल भराउन नसकिने भएमा त्यस्तो रकम प्रचलित कानून बमोजिम पीडित राहत कोषबाट भराई दिनु पर्नेछ र त्यसरी भराइएको रकम सम्बन्धित कसूरदारबाट असूल उपर गरी सो कोषमा शोधभर्ना गर्नु पर्नेछ।"

६. विधेयकको दफा ७ को सट्टा देहायको दफा ७ राख्ने :-

"७. **रुपान्तर** : मूल ऐनको ठाउँ ठाउँमा रहेका "जातीय भेदभाव तथा छुवाछुत" भन्ने शब्दहरुको सट्टा "छुवाछुत तथा भेदभाव" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।"